Test Booklet No.
परीक्षा पुस्तिका संख्या

This Booklet contains **16** printed pages.
इस पुस्तिका में **16** मुद्रित पृष्ठ हैं ।

# MAK-23-I

**PAPER I / प्रश्न-पत्र I**
**PART IV & V / भाग IV & V**
**Nepali Language Supplement**
**नेपाली भाषा परिशिष्ट**

Test Booklet Code
परीक्षा पुस्तिका कोड

**C**

**Do not open this Test Booklet until you are asked to do so.**
**इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए ।**
**Read carefully the Instructions on the Back Cover (Page 15 & 16) of this Test Booklet.**
**इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ 15 व 16) पर दिए गए निर्देशों को ध्यान से पढ़ें ।**

**For instructions in Nepali see Page 2 of this booklet. / नेपाली में निर्देशों के लिए इस पुस्तिका का पृष्ठ 2 देखें ।**

## *INSTRUCTIONS FOR CANDIDATES*

1. This booklet is a supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part IV (Language I) **OR** Part V (Language II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Parts I, II, III from the Main Test Booklet and Parts IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part IV and Part V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Blue/Black Ball Point Pen only** for writing particulars on this page/marking responses in the Answer Sheet.
5. The CODE for this Language Booklet is **C**. Make sure that the CODE printed on **Side-2** of the Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **two** Parts, IV and V consisting of **60** Objective Type Questions, and each carries 1 mark :
   Part IV : Language I – (Nepali) *(Q. Nos. 91 – 120)*
   Part V : Language II – (Nepali) *(Q. Nos. 121 – 150)*
7. Part IV contains 30 questions for Language I and Part V contains 30 questions for Language II. In this Test Booklet, only questions pertaining to **Nepali** language have been given. **In case the language(s) you have opted for as Language I and/or Language II is a language other than Nepali, please ask for a Supplement (Language) Test Booklet of C Code that contains questions on that language. The languages being answered must tally with the languages opted for in your Application Form. No change in languages is allowed.**
8. **Candidates are required to attempt questions in Language II (Part V) in a language other than the one chosen as Language I (Part IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

## *परीक्षार्थियों के लिए निर्देश*

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका की एक परिशिष्ट है, उन परीक्षार्थियों के लिए जो **या** तो भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं** ।
2. परीक्षार्थी भाग I, II, III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से ।
3. अंग्रेज़ी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग IV व भाग V के अन्तर्गत दिए गए हैं । भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं ।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं उत्तर पत्र पर निशान लगाने के लिए **केवल नीले/काले बॉल पॉइंट पेन** का प्रयोग करें ।
5. इस भाषा पुस्तिका का **कोड C** है । यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट पुस्तिका का कोड, उत्तर पत्र के **पृष्ठ-2** एवं मुख्य प्रश्न पुस्तिका पर छपे कोड से मिलता है । अगर यह भिन्न हो तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ ।
6. इस परीक्षा पुस्तिका में **दो** भाग IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं, तथा प्रत्येक 1 अंक का है :
   भाग IV : भाषा I – (नेपाली) *(प्रश्न सं. 91 – 120)*
   भाग V : भाषा II – (नेपाली) *(प्रश्न सं. 121 – 150)*
7. भाग IV में भाषा I के लिए 30 प्रश्न और भाग V में भाषा II के लिए 30 प्रश्न दिए गए हैं । इस परीक्षा पुस्तिका में केवल **नेपाली** भाषा से सम्बन्धित प्रश्न दिए गए हैं । **यदि भाषा I और/या भाषा II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है/हैं, तो कृपया C कोड वाली उस भाषा वाली परिशिष्ट (भाषा) परीक्षा पुस्तिका माँग लीजिए । जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिए । भाषाओं का परिवर्तन अनुमन्य नहीं है ।**
8. **परीक्षार्थी भाषा II (भाग V) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा I (भाग IV) में चुनी गई भाषा से भिन्न हो ।**
9. रफ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें ।
10. सभी उत्तर केवल OMR उत्तर पत्र पर ही अंकित करें । अपने उत्तर ध्यानपूर्वक अंकित करें । उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है ।

Name of the Candidate (in Capital Letters) : ______________________
परीक्षार्थी का नाम (बड़े अक्षरों में) :
Roll Number (अनुक्रमांक) : in figures (अंकों में) ______________________
: in words (शब्दों में) ______________________
Centre of Examination (in Capital Letters) : ______________________
परीक्षा केन्द्र (बड़े अक्षरों में) :
Candidate's Signature : ______________ Invigilator's Signature : ______________
परीक्षार्थी के हस्ताक्षर : निरीक्षक के हस्ताक्षर :
Facsimile signature stamp of Centre Superintendent ______________________

यस पुस्तिकामा 16 मुद्रित पृष्ठ छन् ।

# MAK-23-I

परीक्षा पुस्तिका कोड

**C**

**प्रश्नपत्र I**

**भाग IV र V**

**नेपाली भाषा परिशिष्ट**

**यो परीक्षा पुस्तिका तबमात्र खोल्नुहोस् जब तपाईंलाई खोल्न भनिन्छ ।**

**यो परीक्षा पुस्तिकाको पछिल्लो आवरणमा (पृष्ठ 15 व 16) दिइएको निर्देश ध्यानले पढ्नुहोस् ।**

***परीक्षार्थीहरूका लागि निर्देश***

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो । ती परीक्षार्थीहरूका लागि **या** त भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषामा दिन सक्छन् तर **दुवैमा होइन** ।
2. परीक्षार्थीले भाग I, II, III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनुपर्छ र भाग IV र V का उत्तर उनीहरूले छानेको भाषाबाट ।
3. अङ्ग्रेजी र हिन्दी भाषामा यी प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग IV र V अन्तर्गत दिइएका छन् । भाषा परिशिष्टलाई तपाईं अलग्गै माग्न सक्नुहुने छ ।
4. यस पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर पुस्तिकामा निशान लगाउनको लागि **केवल निलो/कालो बल पोइन्ट पेन** मात्रै प्रयोग गर्नुहोस् ।
5. यस भाषा पुस्तिकाको **कोड C** हो । यो सुनिश्चित गर्नु आवश्यक छ कि यो भाषा परिशिष्ट पुस्तिकाको कोड, उत्तरपत्रको **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ । यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्कालै जनाउनुपर्ने छ ।
6. यस पुस्तिकामा **दुई** भाग IV र V छन्, जसमा **60** बटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्कका छन् ।
   भाग IV : भाषा I (नेपाली) *(प्र. सं. 91 – बाट प्र. सं. 120)*
   भाग V : भाषा II (नेपाली) *(प्र. सं. 121 – बाट प्र. सं. 150)*
7. भाग IV मा भाषा I का लागि 30 प्रश्न र भाग V भाषा II का लागि 30 प्रश्न दिइएका छन् । **यस परीक्षा पुस्तिकामा केवल नेपाली भाषासित सम्बन्धित प्रश्न दिइएका छन् । यदि तपाईंको भाषा I वा II नेपालीका अतिरिक्त छ भने कृपया त्यो भाषा सम्बन्धित कोड C को परीक्षा पुस्तिका परिशिष्ट (भाषा) माग्नुहोस् जुन तपाईंको आवेदनपत्रमा अङ्कित थियो । जुन भाषाका प्रश्नका उत्तर तपाईँ दिइरहनु भएको छ, त्यो आवेदन पत्रमा चयन गरेको भाषासित अवश्य नै मिलेको हुनु पर्छ । भाषाहरूमा कुनै परिवर्तनको अनुमति छैन ।**
8. **परीक्षार्थीले भाषा II (भाग V) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नुपर्छ जुन उनीद्वारा भाषा I (भाग IV) मा छानिएको भाषाबाट भिन्न होस् ।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खालि स्थानमा नै गर्नुहोस् ।
10. सबै उत्तर केवल OMR उत्तरपत्रमा अङ्कित गर्नुहोस् । आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नुहोस् । उत्तर बदल्नका लागि श्वेतरञ्जकको प्रयोग निषेध छ ।

विद्यार्थीको नाम : ____________________

अनुक्रमाङ्क : अङ्कमा ____________________

: शब्दमा ____________________

परीक्षा केन्द्र : ____________________

परीक्षार्थीको हस्ताक्षर : ____________________ निरीक्षकको हस्ताक्षर : ____________________

Facsimile signature stamp of
Centre Superintendent ____________________

Candidates should answer questions from the following Part only if they have opted for **NEPALI** as **LANGUAGE – I**.

# भाग IV
# भाषा I
# नेपाली

*निर्देश : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न सं. 91 – 99) का उपयुक्त उत्तर चिन्हित गर्नु होस् ।*

कुनै पनि कार्यको परिपूर्णताका निम्ति जुट्ने मान्छेमा नभई नहुने तत्त्व हो प्रतिबद्धता । चलचित्रका निर्देशकमा दृढ अठोटका साथ लगाउ राख्ने र आत्मविश्वासका साथ समर्पित रहने गुण हुनु पर्दछ । निर्देशक व्यक्तित्वमा अन्य कार्यमा लाग्ने व्यक्तिको समर्पण भावको लगन भन्दा पनि बढी आत्मविश्वास र लगनको भाव अनिवार्य आवश्यक मानिन्छ । निर्देशन कला लेखन, अभिनय र सम्पादन लगायतका सृजनात्मक भावको सङ्गम हो । चलचित्र निर्देशकका निम्ति कलाका विभिन्न विधा र तिनका अनुशासनको ज्ञान आवश्यक पर्दछ । यिनका अतिरिक्त चलचित्र निर्माणका विभिन्न प्राविधिक पक्ष पनि निर्देशकको ज्ञानको सीमामा रहनु पर्दछ । यी ज्ञानका अभावमा निर्देशक बन्न प्रयत्न गर्नु भनेको धृष्टता मात्र हो । यी सबै खाले ज्ञानको पहुँचका निम्ति जुटिरहने प्रतिबद्धता पनि निर्देशकमा हुनु अनिवार्य छ । जुनसुकै पनि चलचित्र निर्माणको निम्ति आवश्यक पर्ने प्रमुख तीन तत्त्व मध्ये लेखन, निर्माण र निर्देशन पर्न आउँछन् । यी तीनैवटा कार्य कुनै एउटै व्यक्ति प्रतिभाबाट पनि सम्पन्न हुने विषय बन्न सक्छन् र अलग अलग व्यक्तिबाट पनि सम्पन्न हुने विषय बन्न सक्छन् । चलचित्रको निर्माण कार्य समूहबाट सम्पन्न भए जस्तै लेखन पनि समूहबाट सम्पन्न हुन सक्छ । लेखनको काम कथा, पटकथा, संवादहरू अलग अलग व्यक्ति प्रतिभाबाट पनि तयार हुन सक्छन् । तर अनेक व्यक्ति मिलेर चलचित्रको निर्देशन चाहिँ नितान्त असम्भव विषय हो । यी सबै विषयको धेर थोर ज्ञान चलचित्रको निर्देशकमा हुनु आवश्यक छ ।

**91.** तलको कुन कुराले निर्देशकको गुण वा विशेषता बुझाउँछ ?

(1) निर्माण प्रबन्धन र प्राविधिक दुवै क्षेत्रका संयोजक

(2) सर्वकलाले सम्पन्न व्यक्ति

(3) सृजनात्मक र प्राविधिक दुवै पक्षका ज्ञाता

(4) अभिनय कला र सम्पादन बुझ्ने व्यक्ति

**92.** 'प्रतिबद्धता'ले के बुझाउँछ ?

(1) दृढसङ्कल्प भई काम गर्ने मनोभाव

(2) आफ्नो काम र प्रदर्शनका लागि उत्साही

(3) कर्तव्य निर्वाह गर्ने विचार

(4) व्यक्तिमा निहित वचन पालन गर्ने मनोभाव

**93.** कुन ठोस कुरा निर्देशकमा हुनु पर्दछ ?

(1) सम्प्रेषण क्षमता र चित्तमा सकारात्मकता

(2) लगन तथा आत्मविश्वास

(3) भावको अनिवार्यता र स्पष्ट बोली

(4) समर्पण भाव तथा अभिनय ज्ञान

**94.** कुन कुरा चलचित्रको निर्माणमा असुविधापूर्ण वा प्राय: असम्भव छ ?

(1) धेरैजना मिलेर कथा, पटकथा, संवाद लेख्नु

(2) धेरैजना निर्देशकले एउटा चलचित्रको निर्देशन गर्नु

(3) धेरैजनाले एउटै चलचित्रमा लगानी गर्नु

(4) निर्देशक नै चलचित्रको मुख्य भूमिकामा पनि हुनु

**95.** चलचित्र निर्माण कस्तो कार्य हो ?

(1) व्यक्तिगत

(2) संस्थानगत र सहकारी

(3) सामूहिक

(4) शैक्षणिक

**96.** कथा, पटकथा र संवाद – यी तीनै कुराका लागि प्राथमिक आवश्यकता के हो ?

(1) क्यामेराम्यान

(2) निर्देशक

(3) सम्पादक

(4) लेखक

**97.** लेखन, निर्माण र निर्देशन – चलचित्रका सन्दर्भमा यी सबै कस्ता कार्य हुन् ?

(1) समूहले मात्र गर्न सक्ने

(2) एउटै व्यक्तिबाट वा भिन्न भिन्न व्यक्तिबाट सम्पन्न हुने

(3) आरम्भिक कार्य

(4) एकैजनाले मात्र गर्नु पर्ने

**98.** अनुच्छेदमा 'अनुशासन' शब्दले के बुझाएको छ ?

(1) ज्ञानका विविध विषय र रूप

(2) कलासम्बद्ध चेतना

(3) सिर्जनात्मक प्रतिभा र कौशल

(4) आचरण र मेलमिलाप

**99.** तलको कुनमा परेका सबै 'प्रयत्न' शब्दका पर्यायवाची हुन् ?

(1) चेष्टा, प्रयास, यत्न

(2) प्रयास, सेखी, तनय

(3) क्लेष, चेष्टा, प्रयास

(4) यत्न, चेष्टा, अभ्यास

***निर्देश :*** *दिइएको कविता पढेर तल भएका प्रश्नहरू (प्रश्न सं. 100 – 105 ) का उपयुक्त उत्तर चिन्हित गर्नु होस् ।*

पर्वत नगिचै त्यो जलतटमा सात रङ्गको सुरिलो आकार
कर्के कर्के परी उठेको छविको अद्‌भुत मुस्लो उसपार
देख्नासाथै लोचन खिचिये, कौतिकताका उरमा छाल
उर्लन थाले, साथै मनमा रङ्ग रङ्गका उठे सवाल ।

उही कुनाको बादल फुस्रो, उही पखेरो, उही खोला
त्यसमा त्यस्तो छविको लठ्ठी कसले कहिले टाँग्यो होला ?
के सुरकुँवरी त्यस लठ्ठीको पीङ बनाई चहचह गर्छन् ?
अथवा चटकी साँझ त्यो हो जसले ती स्वर्गङ्गा तर्छन् ?

अथवा त्यो हो दिगङ्गनाका कण्ठस्थलको मञ्जुमाला
भर्दछ जसले नव जलधरमा प्रणय-सुधा-रसको प्याला ।
झलमल त्यस्तो अद्‌भुत छविको हार गाँथने सुरकन्या
कुन कुन होलान् शून्य गगनमा शिल्पकलामा चतुरी धन्या ?

**100.** कवितामा 'सुरकुँवरी' भनेर कसलाई भनिएको हो ?

(1) स्वर्गकी अप्सरा

(2) सूर्यका किरणहरू

(3) देवकन्या

(4) इन्द्रको दरबारमा भएकी नर्तकी

**101.** दृश्य देखेर कविका मनमा कस्तो प्रभाव आयो ?

(1) उनका आँखा तिर्मिराए

(2) उनलाई सुरिलो स्वरमा गाउन मन लाग्यो

(3) उनी छक्क परिरहे

(4) अनेक प्रकारका जिज्ञासा जागे

**102.** कविले कुन दृश्य देखेर आफ्ना भावना अभिव्यक्त गरिरहेछन् ?

(1) खोला बगेको

(2) इन्द्रेनी लागेको

(3) सन्ध्या र फुलहरू फुलेको

(4) बादलका विभिन्न रूप रङ्ग

**103.** 'दिगङ्गना' भनेको के हो ?

(1) चारै दिशा

(2) मञ्च जस्तो कला प्रदर्शन गर्ने ठाउँ

(3) उपवन वा बगैँचा

(4) चारैतिर बारिएको आँगन

**104.** 'कर्के कर्के' शब्दको निर्माण कुन प्रक्रियाले भएको छ ?

(1) उपसर्ग

(2) द्वित्व

(3) प्रत्यय

(4) समास

**105.** सुरकन्या कस्ता छन् भनी कविले कल्पना गरेका छन् ?

(1) शिल्पकलामा शिक्षार्थी

(2) सधैँ उज्यालो र हाँसिरहेका

(3) शिल्पकलामा दक्ष

(4) अदृश्य र शून्यमा उपस्थित

***निर्देश :*** *उपयुक्त विकल्पको चयन गरी तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् (प्रश्न सं. 106 देखि 120) ।*

**106.** 3 – 9 वर्षे वय समूहका नानीहरूका लागि राष्ट्रिय शिक्षा नीति 2020-ले तलका मध्ये कुनचाहिँलाई शिक्षण बलाघाती चिन्ताप्रदायक मानेर ध्यान दिँदछ ?

(1) अन्तर पाठ्यक्रम शिक्षण विधि

(2) खेलौनामा आधारित शिक्षण

(3) वैभिन्य उपकरणीय अभ्यास शिक्षण

(4) घटनामा आधारित शिक्षण

**107.** वर्णमाला पढाउनुभन्दा पहिले-पहिले पूर्वप्राथमिक शिक्षिकाहरूले उनीहरूका क्लासका सिकारुहरूलाई प्राय: चित्र पुस्तक दिँदछन् । चित्र पुस्तक दिनुमा उनीहरूको के उद्देश्य छ ?

(1) भविष्यमा उनीहरूले यस्ता चित्र बनाउन सकून् भन्ने ठान्न ।

(2) उनीहरूलाई पठन चिनाउन अनि उनीहरूमा भाषा विकास थालिदिन ।

(3) स्कुल आउँदा उनीहरूले आफूसित भएजति ल्याएका प्राथमिक कौशल बुझ्न ।

(4) उनी व्यस्त हुँदा सिकारुहरूलाई भुल्याइराख्न तथा थुप्रै रङ्ग चिनाउन ।

**108.** *अभिकथन (A) :*

प्राथमिक शिक्षाका लागि पाठ्यक्रमबाहिरको भाषाको सन्दर्भ मुख्य छ ।

*कारण (R) :*

भिन्न अर्थोत्पादक प्रसङ्गबाट सबैभन्दा राम्ररी भाषा सिक्न सकिने हुँदा एउटा दृष्टिले सबै शिक्षण भाषा शिक्षण नै हुन् ।

तलका कोडबाट सही उत्तर छान्नुहोस् :

(1) (A) र (R) दुवै सत्य हुन्, अनि (R), (A)-को सही व्याख्या होइन ।

(2) (A) सत्य हो, तर (R) असत्य हो ।

(3) (A) असत्य हो, तर (R) सत्य हो ।

(4) (A) र (R) दुवै सत्य हुन्, अनि (R), (A)-को सही व्याख्या हो ।

**109.** एउटा नानीको घरको भाषा र स्कुलमा पढाइने भाषा एउटै छैनन् । शिक्षिकाका लागि यो एउटा संसाधन हो किनभने –

(1) उनले उनीहरूमा सामाजिक भाषा विकास गरिदिन सक्दछिन् ।

(2) यसले सोचको उच्च संज्ञानात्मक क्रियाकलाप अघि बढाउन सहयोग गर्दछ ।

(3) अब अभिभावकले नै नानीहरूका शिक्षण, पठन र लेखनका दायित्व निर्वाह गर्न सक्दछन् ।

(4) यसले उसलाई बहुभाषी बनाउँदछ ।

**110.** आधारभूत वयका नानीहरूका लागि तलका मध्ये कुनचाहिँ श्रेणी अभ्यास विकासका दृष्टिले उचित छ ?

(1) आधा घण्टा हेलमेलको समय राखेर प्रत्येक दिन थालनी गर्नु ।

(2) बिस्तारै नयाँ संकल्पना परिचित गराउनु ।

(3) रुटिनमा नियमित भिन्नता दिनु ।

(4) दिनहुँ पाँचवटा कठिन शब्द चिनाउनु ।

**111.** एकजना शिक्षिकाले क्लास सकेपछि आफ्नो डायरीमा वक्तव्य लेखिरहेकी छन् । त्यहाँ एउटी विद्यार्थीले क्लास सकेपछि कसरी कष्टपूर्ण स्थितिमा केही गर्न सक्दछिन् भन्ने बयान गरिरहेकी छन् । ती वक्तव्य हुन् –

(1) भाषाको सक्षमता

(2) भाषा सिकाइको लक्ष्य

(3) सिकाइको स्तर

(4) सिकाइका प्रतिफल

**112.** सञ्चालनकलाका रूपमा बहुभाषावाद भनेको हो –

(1) सबै सिकारुका मातृभाषा पढाउनु र सिक्नु ।

(2) सिकारुका भाषाहरूको प्रयोग गराउनु ।

(3) विदेशी भाषा सिक्न सिकारुलाई योग्य बनाउनु ।

(4) स्कुलमा थुप्रै भाषा पढाउनु ।

**113.** एउटा नानी स्कुल आउँदा-जाँदा साइनबोर्ड, प्लेकार्डस, लेबल्स, र्‍यापर्स, आदि देख्दछन् अनि त्यस रूपका मुद्रणबाटै अन्तर्क्रिया गर्दछन् । यस हेराइ र अन्तर्क्रियाले केका लागि कौशल बढाउन भाषा शिक्षकलाई सहयोग गर्दछ ?

(1) पठन

(2) श्रवण

(3) रङ्गचित्राङ्कन

(4) चित्राङ्कन

**114.** अनुच्छेद लेख्दामा व्याकरण, विरामादि चिह्न तथा वर्तनी जाँच्नु प्रक्रिया लेखनका कुन स्तर हुन् ?

(1) मस्यौदा लेखन

(2) मथिङ्गल मन्थन

(3) प्रभावशाली प्रतिक्रिया

(4) सम्पादन

**115.** एकजना पाठशाला परिदर्शकले पाठशाला परिभ्रमण गरे अनि भाषा पिरियड भइरहेका पहिलो श्रेणीका प्रत्येक प्रभाग पर्यवेक्षण गरे । कुन भाषा शिक्षकले भाषा पढाउँदा सबैभन्दा मिल्दो र आदर्श विधि प्रयोग गरिरहेको तिमीलाई लाग्यो ?

(1) दोस्रो शिक्षकले बालगीत र गीत गाउँदै अनि त्यसपछि कथा भन्दैथिए ।

(2) तेस्रो शिक्षकले उदाहरण दिँदै उनीहरूलाई व्याकरण पढाइरहेका थिए ।

(3) चौथो शिक्षकले शब्दका वर्तनी अनि त्यसपछि उपकरणीय श्रुतिलिपि दिँदै उनीहरूलाई पढाइरहेका थिए ।

(4) एकजना शिक्षकले बोर्डमा वर्णमालाका वर्ण लेखिरहेका थिए ।

**116.** तलका मध्ये कुनचाहिँ निपुण (NIPUN) भारतअनुसार एफएलएन को विकासात्मक लक्ष्य हो ?

(1) नानीहरू प्रभावशाली सम्पर्ककर्ता बन्ने ।

(2) नानीहरू प्रभावशाली लेखक बन्ने ।

(3) नानीहरू संलग्न श्रोता बन्ने ।

(4) नानीहरू प्रभावशाली पाठक बन्ने ।

**117.** राष्ट्रिय शिक्षा नीति 2020-ले केका लागि नानीहरूका ग्रेड रेडी बनाउन एउटा तीन मास पाठशाला उपक्रमलाई जोडले प्रचारित गरिरहेको छ ?

(1) बालवाटिका

(2) ग्रेड-1

(3) ग्रेड-2

(4) प्राक् पाठशाला

**118.** *अभिकथन (A)* :

भाषा निपुणता व्याकरणिक रूपले शुद्ध वाक्य दिने योग्यता हो ।

*कारण (R)* :

भाषा निपुणता सहज र धाराप्रवाह भाषा चलाउने योग्यता हो ।

तलका कोडबाट सही उत्तर छान्नुहोस् :

(1) (A) र (R) दुवै सत्य हुन्, तर (R), (A)-को सही व्याख्या होइन् ।

(2) (A) सत्य हो, तर (R) असत्य हो ।

(3) (A) असत्य हो, तर (R) सत्य हो ।

(4) (A) र (R) दुवै सत्य हुन्, अनि (R), (A)-को सही व्याख्या हो ।

**119.** तलका मध्ये कुनचाहिँ पाठ्यपुस्तकका विषयमा सत्य होइन ?

(1) यसले साहित्यका विभिन्न विधा प्रस्तुत गर्दछ ।

(2) यसले पाठ्यक्रमका उद्देश्य प्राप्त गर्न सहयोग गर्दछ ।

(3) यो शैक्षिक क्रियाकलापको योजना हो ।

(4) यो पाठ्यक्रम लागु गर्नाका लागि मुख्य सञ्चालन उपकरण हो ।

**120.** आमाबाबु मुख्य अंशधारी हुनाले उनीहरूलाई संलग्न गराउनु पर्दछ अनि निरन्तर सम्पर्क गर्नुपर्दछ भन्नेमा एकजना शिक्षकले विश्वास गर्दछन् । यो कसरी प्राप्त गर्न सकिन्छ ?

(1) निरन्तर ढङ्गले आमाबाबुसित नानीहरूका गतिविधिबारे विमर्श गर्नु ।

(2) शैक्षिक क्षेत्रमा भन्दा सहशैक्षिक क्षेत्रमा आमाबाबुलाई आमन्त्रण गर्नु ।

(3) सिकाइका सिद्धान्तसित आमाबाबुलाई सचेत गराउनु ।

(4) उनीहरूका नानीहरूले राम्रो प्रदर्शन गर्न सकेका छैनन् भनी सूचित गर्नु ।

Candidates should answer questions from the following Part only if they have opted for **NEPALI** as **LANGUAGE – II**.

# भाग V
# भाषा II
# नेपाली

*निर्देश : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न सं. 121 – 128) का उपयुक्त उत्तर चिन्हित गर्नु होस् ।*

लोक साहित्यका विद्वान्हरूले भने लोक साहित्यको क्षेत्रगत अध्ययन अर्थात् क्षेत्रकार्यलाई बढी महत्त्व दिएका छन् । क्षेत्रकार्यबाट नै लोक साहित्यका विविध विधाहरूको स्वरूप, संरचना, प्रयोजन, प्रभाव र विशेषताहरूको विवेचना हुन सक्छ । लोक साहित्यलाई शिक्षाका निम्ति प्रयोग गरिएको छ । उखानहरू लोक शिक्षाका सबभन्दा महत्त्वपूर्ण माध्यम हुन् । लोककथाहरू पनि बाल शिक्षाका अत्यन्त प्रभावकारी माध्यम हुन् । पहेलीहरू बाल-बालिका र किशोर-किशोरीका बुद्धिविनोदका साधन हुन् । बाल शिक्षामा निदरी र बाल खेल गीतहरूको पनि प्रयोग गरिएको छ । परम्परागत रूपमा निरक्षरहरूका समाजमा प्रयोग हुँदै आएको शिक्षाका विभिन्न शैलीहरू आजका विद्यालयमा पनि उत्तिकै महत्त्वपूर्ण र प्रभावकारी छन् । तिनको सफल प्रयोगका निम्ति लोक साहित्यका विविध विधाहरूको सङ्कलन आवश्यक छ । आधुनिक युगमा समाजलाई सचेत गराउन र सर्वसाधारण जनतासम्म विकासको सन्देश पुऱ्याउन सञ्चारकर्मीहरू विभिन्न भाषा, शैली र माध्यमको प्रयोग गर्छन् । लोकको आफ्नै भाषा, आकर्षक शैली र उचित माध्यमको प्रयोग भयो भने सन्देश प्रभावकारी हुन्छ । आज सञ्चारका मुद्रित र श्रव्य-दृश्य माध्यमबाट लोक साहित्यको प्रयोग गरी सन्देशहरूको प्रसारण गरिन्छ । तर सन्देशका निम्ति लोक साहित्यको प्रयोग गर्न पनि क्षेत्रकार्य गरी सामग्री सङ्कलन गर्नु आवश्यक छ ।

**121.** पहेलीको व्यावहारिक प्रयोजन के हो ?

(1) शिशुहरूलाई सुताउनु

(2) अड्को थापी कसैको अपमान गर्नु

(3) नानीहरूलाई स्कुलका निम्ति तयार पार्नु

(4) बुद्धिको व्यायाम र मनोरञ्जन

**122.** विद्वान्हरू लोक साहित्यको क्षेत्रगत अध्ययनलाई किन महत्त्व दिन्छन् ?

(1) लोक साहित्यका विविध विधाको बहुमुखी विवेचना गर्न

(2) लोक साहित्यका विधाहरूको समुचित वर्गीकरण गर्न

(3) लोक कलाकारहरूलाई शिक्षाको मूल धारामा ल्याउन

(4) लोक साहित्य प्रत्यक्ष रूपमा सुन्न

**123.** लोक कथाहरू, बाल खेल गीत, पहेली, गाउँ खाने कथा आदिलाई प्रायोगिक दृष्टिले के भन्न सकिन्छ ?

(1) परम्परागत बाल शिक्षाका महत्त्वपूर्ण साधन

(2) बाल साहित्य

(3) रेडियो, टेलिभिजनका लागि कथ्य सामग्री

(4) रूढ, अविन्यस्त प्रकीर्ण साहित्य

**124.** लोक साहित्यको प्रयोग विभिन्न क्षेत्रमा गर्ने उद्देश्यमा पहिला गर्नु पर्ने मुख्य काम के हुन्छ ?

(1) लोक साहित्य सङ्गोष्ठीको आयोजन

(2) सामग्री सङ्कलन

(3) पाठ्य पुस्तकादितिर प्रकाशित लोक साहित्यको सम्पादन

(4) लोक कथाको अध्ययन

**125.** उखानलाई कुन रूपमा चिन्न सकिन्छ ?

(1) आख्यानात्मक शिक्षा सामग्री

(2) लोक शिक्षाका महत्त्वपूर्ण माध्यम

(3) आधुनिक शिक्षाको साधन

(4) लोक कथाको दृष्टान्त

**126.** टेलिभिजनबाट प्रसारित भइरहेको लोक साहित्यको कुनै नीति कथा हामी कुन माध्यमबाट ग्रहण गर्दछौँ ?

(1) पाठ्य

(2) दृश्य

(3) श्रव्य-दृश्य

(4) श्रव्य

**127.** शिक्षाका सामग्रीका रूपमा श्रव्य तथा दृश्य माध्यमले प्रस्तुत हुने लोक साहित्यिक रचनाहरू परम्परागत रूपमा कस्ता समाजमा प्रयोग गरिन्थे ?

(1) शिक्षितहरूका समाजमा

(2) निरक्षरहरूका समाजमा

(3) स्वअध्ययनकारीहरूका समाजमा

(4) ग्रामीण समाजमा

**128.** स्वरूप, संरचना, प्रयोजन, प्रभाव – यी शब्दहरूमा के समानता छ ?

(1) सबै संज्ञा हुन्

(2) सबै विशेषण हुन्

(3) सबै परसर्ग प्रक्रियाले निर्मित छन्

(4) सबै तद्भव हुन्

***निर्देश :*** *दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न सं. 129 – 135) का उपयुक्त उत्तर चिन्हित गर्नु होस् ।*

आध्यात्मिकताले मानिसलाई चिरसुख दिन्छ । यसैले मानिसले आत्माको विकासमा बढ्ता ध्यान दिनु पर्छ । शरीर बुढो हुन्छ, तर आत्मा अविनाशी हो, यो कहिल्यै बुढो हुँदैन । साँढेहरू पनि जवानीमा बलको खुब घमन्ड गर्छन् तर बुढो भएपछि अत्यन्त दु:खित अवस्थामा एकै थलामा बसेर राल काढिरहन्छन् । ठुलाठुला, बलिया-बलिया धेरै मानिसहरूले पनि आफ्ना-आफ्ना समयमा खुब दुन्दुभि मच्चाएका छन्, तर पछि उमेरले, रोगले औ चिन्ताले शिथिल भएर अत्यन्त शोचनीय अवस्थामा जीवन बिताउनु परेको छ । तर योगी, तपस्वी, महात्माहरू शान्त र साधारण जीवन बिताएर सधैँ आनन्दसँग रहेका छन् । आत्मिक बलको अघि शारीरिक बलको कहिल्यै केही चल्दैन । महात्मा गान्धीकै जीवन मात्र हेरेर पनि हामी उदाहरण पाउन सक्तछौँ । उनी शरीरका खुब दुर्बल र क्षीण थिए, तर आत्मा यति बलियो थियो, कुनै शक्तिले उनलाई डगमगाउन सकेन । अन्तमा आत्मबलले नै उनले संसारभरि शासन गर्ने ब्रिटिस साम्राज्यवादलाई ध्वंस बनाइदिए । गान्धीजीको क्षीण शरीरको अघि चर्चिलको बलिष्ठ शरीरले हार खानु पर्‍यो ।

**129.** स्थायी सुखका लागि मानिसले के गर्नु पर्छ ?

(1) आत्माको विकासमा ध्यान दिनु पर्छ

(2) शारीरिक व्यायाम गर्नु पर्छ

(3) समयमा नै संसाधन जुटाउनु पर्छ

(4) शक्तिशाली हुनु पर्छ

**130.** शारीरिक बलको घमन्ड गर्नेहरूले बुढेसकालमा दु:ख पाउनाको कारण के हो ?

(1) बलको तुजुक देखाउनु

(2) ईश्वर अनि अध्यात्ममा ध्यान नदिनु

(3) आत्मिक बलको अभाव

(4) समयमा चेत पुर्‍याएर काम नगर्नु

**131.** योगी, तपस्वी, महात्माहरूको असल गुण के हो ?

(1) बलको स्पर्धा नगर्नु

(2) ईश्वरको ध्यान

(3) शान्त र साधारण जीवन शैली

(4) दूरदर्शी हुनु

**132.** गान्धीलाई कुनै शक्तिले पनि किन डगमगाउन सकेन ?

(1) उनी तनले दुर्बल भए पनि आत्माले बलिया थिए

(2) उनी मानसिक बलको प्रयोगमा विश्वास गर्दैन थिए

(3) आफ्ने विलक्षण प्रतिभाले उनी शत्रु चिन्न सक्दथे

(4) उनी आत्मबल भएकासित मात्र युद्ध लड्थे

**133.** शारीरिक रूपले बलियो भन्न सकिने उदाहरण कुन हो ?

(1) अविनाशी आत्मा

(2) जवान साँढे

(3) महात्मा गान्धी

(4) रोगले ग्रस्त मानिसहरू

**134.** 'ठुलाठुला' शब्द कुन प्रक्रियाले बनिएको छ ?

(1) सन्धि

(2) द्वित्व

(3) समास

(4) सर्ग

**135.** 'दुन्दुभि' को शाब्दिक अर्थ के हो ?

(1) ठुलो आकारको दमाहा जस्तो बाजा

(2) ढोलक वा ढोल जस्तो दुवैतिर पिटेर बजाइने बाजा

(3) बाजा बजाउनेहरूको टोली

(4) सासले फुकेर बजाइने ठुलो मुरली जस्तो लोक बाजा

***निर्देश :*** *उपयुक्त विकल्पको चयन गरी तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् (प्रश्न सं. 136 देखि 150) ।*

**136.** विद्यालयका एकजना नेताले 3 – 9 वर्षीय वय समूहका नानीहरूको मूल्याङ्कन किन गर्नै पर्दछ ?

(1) उनीहरूलाई ग्रेडिड गर्न ।

(2) उनीहरूका शक्ति, आवश्यकता र रुचि मूल्याङ्कन गर्न ।

(3) ऱ्याङ्कअनुसार उनीहरूलाई रोक्न ।

(4) उनीहरूलाई वर्गीकरण गर्न ।

**137.** नानीहरूका लागि ग्रेड 3 सिकाइको एउटा मुख्य स्तर हो । यसले केबाट परिवर्तन हुने सङ्केत गर्दछ ?

(1) 'पढ्नलाई सिक' – देखि 'सिक्नलाई पढ' ।

(2) 'पढ्नलाई सिक' – देखि 'लेख्नलाई पढ' ।

(3) 'लेख्नलाई सिक' – देखि 'लेख्नलाई पढ' ।

(4) 'लेख्नलाई सिक' – देखि 'सिक्नलाई पढ' ।

**138.** सिकारुले पाएको र सिकेको कौशल र संकल्पना प्रयोग गर्न सकेको छ कि छैन भन्नेमा प्रकाश पार्नु के हो ?

(1) विषयमा आधारित सिकाइ

(2) क्षमतामा आधारित सिकाइ

(3) सहकारी सिकाइ

(4) रचनात्मक सिकाइ

**139.** एउटी नानीले भन्दछिन् "मेरो लागि wait नगर, म late हुन सक्दछु" । यो केको उदाहरण हो ?

(1) कोड परिवर्तन

(2) बहुभाषावाद

(3) कोड मिश्रण

(4) बोली

**140.** सिकाइमा आएको रिक्ततालाई पुरा गर्न एकजना भाषा शिक्षिकाले निदानात्मक शिक्षण गरिरहेकी छन् । उनले केबाट ती रिक्तता खुट्याइरहेकी छन् ?

(1) रचनात्मक जाँच

(2) स्पर्धात्मक जाँच

(3) उपचारी जाँच

(4) सूक्ष्म शिक्षण

**141.** शिक्षिकाले श्रेणीलाई पाँचजनाका समूहमा बाँडिन् अनि रिपोर्ट दिईकन पढ्न, समूहमा चर्चा गर्न र नोट्स बनाउन तथा यसको छोटो सारांश लेख्न लाइन् । उनले तिनीहरूको केलाई प्रोन्नत गर्ने प्रयास गरिरहेकी छन् ?

(1) अकादमीय भाषा

(2) विमर्श सामर्थ्य

(3) सामूहिक परिचर्चा

(4) अन्तर्वैयक्तिक सम्प्रेषण कौशल

**142.** एकजना भाषा शिक्षिकाले पाँचौँ श्रेणीका विद्यार्थीहरूलाई अनुच्छेद लेख्न लाए । तिनीहरूले पहिलो मस्यौदा बनाइसकेपछि शिक्षिकाले उनीहरूका अनुच्छेद प्रभावकारी प्रतिक्रियाका लागि आफ्ना साथीहरूसित साटासाट गर्न लाइन् । साथीहरूका प्रभावी प्रतिक्रिया कस्तो हुनुपर्दछ ?

(1) साथीहरूका नभई शिक्षिकाको दायित्व हुनाले अभ्यास गर्नै हुँदैन ।

(2) अरू तीनवटा कौशलसित नभई लेखन कौशलका लागि मात्र प्रयोग गर्नु पर्दछ ।

(3) लेखनकार्य नियमित रूपले प्रयोग गरिनुपर्दछ ।

(4) साथीहरूले प्रतिक्रिया दिन सक्दैनन् भने पन्साइदिनुपर्छ ।

**143.** खेलचौरमा, फोनमा वा अरू मानिससित सामाजिक सम्पर्क गर्दामा चलाइने भाषा केको अङ्ग हो ?

(1) अकादमीय भाषा

(2) विमर्श सामर्थ्य

(3) सामूहिक चर्चा

(4) सामाजिक भाषा

**144.** एकजना अध्यापिकाले पाँचौँ श्रेणीलाई केही निर्वाचित र ग्रेड गरिएका व्याकरणिक कुरा पढाइरहेकी छन् । उनले आफ्नो श्रेणीमा कुन विधि अनुसरण गरिरहेकी छन् ?

(1) रचनात्मकतावादी विधि

(2) संरचनात्मक विधि

(3) कार्य आधारित विधि

(4) कौशल आधारित विधि

**145.** एकजना शिक्षिकाले पाँचौं श्रेणीका सिकारुहरूलाई तिनीहरूका पाठ्यपुस्तकबाट कथा पढाउने निर्णय गरिन् । तपाईँको विचारमा कथा भन्दा के 'पढ्दाहुँदी क्रियाकलाप' हुँदछ ?

(1) सिकारुहरूले जोडी काम गर्दछन् अनि एक-अर्कामा साटासाट गरेर पढ्दछन् ।

(2) कथाको पृष्ठभूमि शिक्षिकाले चर्चा गरिन् ।

(3) शिक्षिकाले पहिले कथाको नयाँ र कठिन शब्द पढाइन् ।

(4) चित्र हेरेको आधारमा सिकारुहरूले कथाका घटना पूर्वानुमान गर्दछन् ।

**146.** श्रेयाले नयाँ शब्दहरूको श्रुतिलिपि जाँचमा राम्रो अङ्क ल्याउँदछिन् अनि अर्थ पनि जान्दछिन् तर उनले बोल्दा र लेख्दा ती शब्द चलाउन जान्दिनन् भने ती शब्द उसको केमा छन् ?

(1) उत्पादनशील शब्दभण्डार

(2) विषयगत शब्दभण्डार

(3) उच्च आवृत्ति शब्दभण्डार

(4) ग्राह्य शब्दभण्डार

**147.** राष्ट्रिय शिक्षा नीति 2020-ले आधारभूत स्तरका लागि कुन कौशललाई सबैभन्दा मुख्य ठान्दछ ?

(1) आधारभूत साक्षरता र अङ्कज्ञान कौशल

(2) आधारभूत गाणितिक कौशल

(3) आधारभूत वक्तृता कौशल

(4) आधारभूत पठन र लेखन कौशल

**148.** लक्षित सिकारुलाई सुहाउँदो व्यायाम र पाठमा परिवर्तन गर्नलाई के भनिन्छ ?

(1) अनुकूलन

(2) मूल्याङ्कन

(3) पुनरावलोकन

(4) अनुपालन

**149.** अभिवादन र सम्पर्क 'ग्रिट एन्ड मिट' क्रियाकलापबाट शिक्षिकाले दिन आरम्भ गरिन् । उनले सिकारुहरूलाई उनीहरू साह्रै रमाउन पाएका घटना साझा गर्न लाइन् । यस क्रियाकलापले पहिलो स्तरका सिकारुहरूलाई सहयोग गर्नेछ –

(1) प्रभावशाली सम्प्रेषक बन्न ।

(2) नानीहरूलाई समयमा आउनलाई प्रोत्साहन गर्न ।

(3) एक-अर्कामा नयाँ संकल्पना परिचय गराउन ।

(4) ग्रोस मोटर स्किल प्राप्त गर्न ।

**150.** अचेत रूपले कुन भाषा लिन सकिन्छ ?

(1) दोस्रो भाषा

(2) पाठशालाको भाषा

(3) विदेशी भाषा

(4) पहिलो भाषा

# SPACE FOR ROUGH WORK

*तल दिइएको निर्देशन ध्यानले पढ्नुहोस :*

1. विभिन्न प्रश्नहरूको जवाफ दिनु पर्ने तरिका परीक्षण पुस्तिकामा वर्णन गरिएको छ जुन तपाईंले वास्तवमै प्रश्नहरूको उत्तर दिन अघि ध्यानपूर्वक पढ्नु पर्दछ ।
2. OMR को दोस्रो पातामा दिइएका चार वैकल्पिक प्रश्नहरूमध्ये केवल एउटा शुद्ध उत्तरलाई **निलो/कालो बल पोइन्ट पेनले** कालो पार्नुहोस् । एकपटक उत्तर कालो पारेपछि त्यसलाई सच्याउन पाइने छैन ।
3. परीक्षकले उत्तर पुस्तिका पल्टाइ वा भाँचभुच गर्न पाउने छैनन् । कुनै पनि उत्तरमाथि कोरकार नगर्ने । निर्दिष्ट गरे बाहेक अन्यत्र कतै आफ्नो रोल नम्बर नलेख्ने ।
4. परीक्षा पुस्तिकालाई विशेष रूपले ध्यान दिनु पर्छ । कुनै कारणवश परीक्षा पुस्तिका यताउता परे मात्रै अर्को परीक्षा पुस्तिका दिइने छ ।
5. परीक्षार्थीले दिइएको परीक्षा पुस्तिकामा कोड नम्बर आदि सही ढङ्गले लेख्नुपर्ने छ ।
6. एक मेसिनले OMR उत्तर पानामा कोड गरिएको जानकारी पढ्नेछ । त्यसकारण कुनै पनि जानकारी अपूर्ण राख्नु हुन्न र यो प्रवेश पत्रमा दिइएको जानकारी भन्दा फरक हुनु हुन्न ।
7. परीक्षार्थीले परीक्षाको समयमा कुनै पाठ्यसामग्री, टङ्कित वस्तु, कागज, पेजर, मोबाइल फोन, इलेक्ट्रोनिक उपकरण र अन्य कुनै पनि विद्युतीय सामग्री आदि ल्याउन पाउने छैनन् ।
8. मोबाइल फोन, वायरलेस संचार उपकरण (स्विच अफ मोडमा पनि) र अन्य प्रतिबन्धित वस्तुहरू परीक्षा हल/कोठामा ल्याउनु हुँदैन । यस निर्देशनको पालना गर्न असफल भएमा परीक्षामा अनुचित साधन प्रयोग भएको मानिनेछ र परीक्षा रद्द गर्ने लगायत उम्मेदवारलाई कारबाही गरिनेछ ।
9. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेशपत्र देखाउनुपर्ने छ ।
10. केन्द्र निरीक्षकको अनुमति बिना परीक्षार्थीले बाहिर जान पाउने छैनन् वा परीक्षा भवन छोडन सक्ने छैनन् ।
11. परीक्षार्थीले उत्तर पुस्तिका नबुझाएसम्म परीक्षा भवन छोडन पाउने छैनन् । परीक्षा भवन छोड्न अघि निरीक्षकपत्र, उपस्थितिपत्र आदिमा हस्ताक्षर गर्नुपर्ने छ । **परीक्षार्थीहरूलाई पनि उपस्थितिपत्रमा प्रदान गरिएको ठाउँमा बायाँ-हातको औंठो प्रभाव राख्नु आवश्यक छ ।**
12. कुनै पनि विद्युतीय उपकरण राख्न निषेध छ ।
13. परीक्षार्थीले परीक्षा-संस्थाले दिएको निर्देशको पूर्णरूपले पालन गर्नुपर्ने छ । कुनै तरिकाले नियम उलङ्घन भएमा परीक्षा-संस्थाको नियमअनुसार दण्डको व्यवस्था गरिने छ ।
14. प्रश्न पुस्तिकाको कुनै खण्ड च्यात्न वा फटाउन पाइने छैन ।
15. **परीक्षाको समाप्तिपछि परीक्षार्थीले सबै प्रकारले उत्तर पुस्तिका परीक्षकलाई बुझाउनुपर्ने छ तब मात्रै परीक्षा भवन छोडन पाइने छ ।** ***परीक्षार्थीले कुनै पनि उत्तर पुस्तिका साथमा लान पाउने छैनन् ।***

**READ THE FOLLOWING INSTRUCTIONS CAREFULLY :**

1. The manner in which the different questions are to be answered has been explained in the Test Booklet which you should read carefully before actually answering the questions.
2. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with **Blue/Black Ball Point Pen** on **Side-2** of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
3. The candidates should ensure that the Answer Sheet is not folded. Do not make any stray marks on the Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the Answer Sheet.
4. Handle the Test Booklet and Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and Answer Sheet Code or Number), another set will be provided.
5. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet/Answer Sheet in the Attendance Sheet.
6. A machine will read the coded information in the OMR Answer Sheet. Hence, no information should be left incomplete and it should not be different from the information given in the Admit Card.
7. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the Examination Hall/Room.
8. Mobile phones, wireless communication devices (even in switched off mode) and the other banned items should not be brought in the examination halls/rooms. Failing to comply with this instruction, will be considered as using unfair means in the examination and action will be taken against the candidate including cancellation of examination.
9. Each candidate must show on demand his / her Admit Card to the Invigilator.
10. No candidate, without special permission of the Centre Superintendent or Invigilator, should leave his / her seat.
11. The candidates should not leave the Examination Hall/Room without handing over their Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where candidate has not signed the Attendance Sheet second time will be deemed not to have handed over the Answer Sheet and dealt with as an unfair means case. **The candidates are also required to put their left-hand THUMB impression in the space provided in the Attendance Sheet.**
12. Use of Electronic/Manual Calculator is prohibited.
13. The candidates are governed by all Rules and Regulations of the Examining Body with regard to their conduct in the Examination Hall/Room. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Examining Body.
14. No part of the Test Booklet and Answer Sheet shall be detached under any circumstances.
15. **On completion of the test, the candidate must hand over the Answer Sheet to the Invigilator in the Room/Hall.** ***The candidates are allowed to take away this Test Booklet with them.***

**निम्नलिखित निर्देशों को ध्यान से पढ़ें :**

1. जिस प्रकार से विभिन्न प्रश्नों के उत्तर दिए जाने हैं उसका वर्णन परीक्षा पुस्तिका में किया गया है, जिसे आप प्रश्नों का उत्तर देने से पहले ध्यान से पढ़ लें ।
2. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर पत्र के **पृष्ठ-2** पर केवल एक वृत्त को ही पूरी तरह **नीले/काले बॉल पॉइन्ट पेन** से भरें । एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है ।
3. परीक्षार्थी सुनिश्चित करें कि इस उत्तर पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ । परीक्षार्थी अपना अनुक्रमांक उत्तर पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें ।
4. परीक्षा पुस्तिका एवं उत्तर पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं उत्तर पत्र के कोड या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी ।
5. परीक्षा पुस्तिका/उत्तर पत्र में दिए गए परीक्षा पुस्तिका कोड व संख्या को परीक्षार्थी सही तरीके से उपस्थिति-पत्र में लिखें ।
6. OMR उत्तर पत्र में कोडित जानकारी को एक मशीन पढ़ेगी । इसलिए कोई भी सूचना अधूरी न छोड़ें और यह प्रवेश पत्र में दी गई सूचना से भिन्न नहीं होनी चाहिए ।
7. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश पत्र के सिवाय किसी प्रकार की पाठ्य सामग्री, मुद्रित या हस्तलिखित, काग़ज़ की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है ।
8. मोबाइल फोन, बेतार संचार युक्तियाँ (स्विच ऑफ अवस्था में भी) और अन्य प्रतिबंधित वस्तुएँ परीक्षा हॉल/कक्ष में नहीं लाई जानी चाहिए । इस सूचना का पालन न होने पर इसे परीक्षा में अनुचित साधनों का प्रयोग माना जाएगा और परीक्षार्थी के विरुद्ध कार्यवाही की जाएगी, परीक्षा रद्द करने सहित ।
9. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-पत्र दिखाएँ ।
10. केन्द्र अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें ।
11. कार्यरत निरीक्षक को अपना उत्तर पत्र दिए बिना एवं उपस्थिति-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल/कक्ष नहीं छोड़ेंगे । यदि किसी परीक्षार्थी ने दूसरी बार उपस्थिति-पत्र पर हस्ताक्षर नहीं किए तो यह माना जाएगा कि उसने उत्तर पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा । **परीक्षार्थी अपने बाएँ हाथ के अँगूठे का निशान उपस्थिति-पत्र में दिए गए स्थान पर अवश्य लगाएँ ।**
12. इलेक्ट्रॉनिक/हस्तचालित परिकलक का उपयोग वर्जित है ।
13. परीक्षा-हॉल/कक्ष में आचरण के लिए परीक्षार्थी परीक्षण संस्था के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं । अनुचित साधनों के सभी मामलों का फैसला परीक्षण संस्था के नियमों एवं विनियमों के अनुसार होगा ।
14. किसी भी परिस्थिति में परीक्षा पुस्तिका और उत्तर पत्र का कोई भाग अलग न करें ।
15. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी कक्ष/हॉल छोड़ने से पूर्व उत्तर पत्र निरीक्षक को अवश्य सौंप दें ।** ***परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं ।***